**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०५** **संख्याः ०१** **मितिः २०८१/०२/१९**

**भाग–२**
**गुराँस गाउँपालिका**

## मानसिक स्वास्थ्य सहायता कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट पारित मिति २०८१/०२/११
प्रमाणीकरण मिति २०८१/०२/१७

**प्रस्तावना:** नेपालको संविधान, जनस्वास्थ्य ऐन, स्वास्थ्य नीति २०७६ मा गरिएको व्यवस्था बमोजिम समुदाय स्तरमा रहेका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको सुरक्षा र संरक्षण गर्न वाञ्छनिय भएकोले,

गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम : "मानसिक स्वास्थ्य सहायता कार्यविधि, २०८०" रहेको छ।
(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) "सहायता" भन्नाले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई उपचारार्थ गरिने आर्थिक सहयोग सम्झनु पर्छ।

(ख) ‘‘मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति” भन्नाले देहायका अवस्थामा रहेका व्यक्ती सम्झनु पर्छ :-

(१) मानसिक स्वास्थ्य समस्या भएको वा मनोसामाजिक समस्या भएका,
(२) मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु,
(३) मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएका,
(४) मानसिक स्वास्थ्य समस्याको औषधि सेवन गरीरहेका व्यक्ति,
(५) मानसिक स्वास्थ्य समस्या र आर्थिक रुपमा विपन्न व्यक्ति ।

(ग) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना गाउँपालिका सम्झनु पर्दछ ।

(घ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको गाउँ सभा सम्झनु पर्दछ ।

(ङ) “पदाधिकारी” भन्नाले : कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, तथा कार्यपालिकाका अन्य सदस्यहरू सम्झनुपर्दछ ।

(च) “पालिका प्रमुख” : भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

(छ) “समिति”भन्नाले मानसिक स्वास्थ्य समन्वय समिति सम्झनु पर्छ ।

**३. मानसिक स्वास्थ्य समस्या आर्थिक सहायताको उद्देश्यः**

(क) अति आर्थिक विपन्न र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तीहरुलाई स्वास्थ्य बिमामा आबद्धता गराउने ।

(ख) आपतकालिन अवस्था मामानसिक स्वास्थ्यको विशिष्टकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने वा आर्थिक सहायता गर्ने ।







## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी व्यवस्था

**४. आर्थिक सहायता गरिने :** (१) मानसिक स्वास्थ्य समस्या र अपाङ्गता भएका व्यक्तीलाई सहयोग गर्दा जोखिमताको अवस्थालाई आधारमानी निम्न अनुसारको सहयोग रकम निर्धारण गरिनेछ ।

- स्वास्थ्यबिमा : रु. पैतिस सय सम्मको सहयोग,
- विशिष्टकृत मानसिक स्वास्थ्य सेवाः बढीमा रु. पाँचहजार सम्मको सहयोग गर्न सकिनेछ ।

**५. मानसिक स्वास्थ्य सहायताका लागि  समिति गठन :** (१) मानसिक स्वास्थ्य सहायताका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा एक समिति गठन गर्न सकिनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष एवं मानसिक स्वास्थ्य समन्वय समिति संयोजक | - संयोजक |
| ख) उपाध्यक्ष एवं न्यायिक समिति संयोजक | - सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| घ) शिक्षा शाखा प्रमुख | - सदस्य |
| ङ) महिला तथा बालबालिका शाखा प्रमुख | - सदस्य |
| च) मानसिक स्वास्थ्यको क्षेत्रमा कामगर्ने संस्थाको प्रतिनिधि एकजना | - सदस्य |
| छ) मनोसामाजिक तथा मानसिक अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था वा व्यक्ति एकजना | - सदस्य |
| ज) स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

**७. मानसिक स्वास्थ्य सहायता समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मानसिक स्वास्थ्य समस्या र अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य बिमा, स्वास्थोपचार गर्ने, पुनर्स्थापना गर्ने,

(ख) वार्षिक नीति तथा कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने,

(ग) मानसिक स्वास्थ्य समस्या र अपाङ्गता भएका व्यक्तिलाई सहयोग स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) मानसिक स्वास्थ्य क्षेत्रमा कामगर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

**८. समितिको बैठक र निर्णय** : मानसि स्वास्थय सहायता

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरू उपस्थिती भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. अभिलेख राख्ने:** समितिले आफूले गरेको कामकार्वाहीहरूको अभिलेख दुरूस्त राख्नु पर्नेछ ।





मानसिक स्वास्थ्य सहायता कार्यविधि, २०८०

## परिच्छेद-३
## विविध

**१०. मानसिक स्वास्थ्य समस्या आर्थिक सहायताका लागि आवश्यक कागजात:** मानसिक स्वास्थ्य समस्या आर्थिक सहायताका लागि आवश्यक कागजात अनुसुचि १ मा उल्लेख गरिए बमोजिम हुनुपर्नेछ ।

**११. नियम बनाउन सक्ने:** यस कार्यविधि कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१२. यसै बमोजिम भएको मानिने:** मानसिक स्वास्थ्य आर्थिक सहायता सम्बन्धमा यस अघि गरिएको कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ । साथै यस कार्यविधि उल्लेख नगरिएका कुराहरु संघीय कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१
## समितिका लागि आवश्यक कागजात

१) सेवाग्राहीको निवेदन
२) नागरिकताको प्रतिलिपी
३) वडा कार्यालयको सिफारिस
४) मानसिक स्वास्थ्य समस्या अवस्थाको पहिचान फारम
५) स्वास्थ्य जाँच रिपोर्ट
६) अन्य आवश्यक कागजातहरु

आज्ञाले
**दिनेश दाहाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**





मानसिक स्वास्थ्य सहायता कार्यविधि, २०८०